# सांसदका रूपमा माननीय प्रदिप पौडेलले गर्नु भएका गरेका प्रमुख नीतिगत कार्यहरू

## निजी विधेयक दर्ताः औषधि विधेयक, २०८०

- उपचारका क्रममा प्रयोग हुने औषधि, खाद्य समपूरक तथा स्वास्थ्य सामग्रीलाई समयसापेक्ष नियमनको दायरामा ल्याउन
- उपभोक्तालाई सुरक्षित, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सामग्री उपलब्ध गराउन

## विद्यालय शिक्षा विधेयकमा संशोधन

- शिक्षा क्षेत्रको सुधारका लागि प्रस्तुत यस विधेयकमा पूर्व-प्राथमिक शिक्षालाई समेत विद्यालय शिक्षाको संरचनाभित्र समेट्नुपर्ने र शिक्षकहरूको वृत्तिविकास एवं पेशागत मर्यादा सुनिश्चित गर्नुपर्ने लगायतका नीतिगत प्रस्ताव।

## विद्युत् विधेयकमा संशोधन

- नेपालको नयाँ संघीय संरचना र संघीयताको मर्मलाई आत्मसात् गर्दै जलविद्युत् उत्पादन, प्रसारण र वितरणमा प्रदेश र स्थानीय तहको अधिकार एवं भूमिकालाई सुनिश्चित गर्न लगायतका नीतिगत प्रस्ताव।

## जलस्रोत विधेयकमा संशोधन

- जलस्रोतको बहुआयामिक र दिगो उपयोगका लागि प्राथमिकता क्रम निर्धारण गर्न,
- पानीको मुहान संरक्षण गर्ने र प्राकृतिक स्रोतमाथि स्थानीय समुदायको हकलाई व्यवस्थित गर्ने लगायतका नीतिगत प्रस्ताव।

## बैंक तथा वित्तीय संस्था सम्बन्धी विधेयकमा संशोधन

- वित्तीय क्षेत्रमा सुशासन कायम गर्न प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरूको कार्यकाललाई मर्यादित बनाउन तथा साना निक्षेपकर्ताहरूको हित संरक्षण लगायतका नीतिगत प्रस्ताव।

## निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयकमा संशोधन

- ढुङ्गा, गिट्टी र बालुवा जस्ता प्राकृतिक स्रोतको उत्खनन र व्यवस्थापन गर्दा वातावरणीय सन्तुलन कायम राख्न र स्थानीय तहको राजस्व अधिकारलाई थप पारदर्शी एवं नियमन गर्न लगायतका नीतिगत प्रस्ताव।

<u>लगानी सहजीकरण सम्बन्धी विधेयकमा संशोधन</u>

- विदेशी तथा स्वदेशी लगानीका लागि विद्यमान कानुनी जटिलताहरू हटाउँदै नयाँ उद्यमी (Start-ups) लाई प्रोत्साहन गर्ने र उद्योग व्यवसाय सञ्चालनका प्रक्रियालाई सरलीकृत गर्ने लगायतका नीतिगत प्रस्ताव।

<u>सङ्घीय निजामती सेवा विधेयकमा संशोधन</u>

- कर्मचारी प्रशासनलाई स्थायी, तटस्थ र नतिजामुखी बनाउन, सरुवा-बढुवाको मापदण्डलाई पारदर्शी बनाउन र कर्मचारीको कार्यसम्पादनलाई जनताको सेवा प्रवाहसँग जोड्ने लगायतका नीतिगत प्रस्ताव।

<u>विद्युतीय व्यापार (E-commerce) विधेयकमा संशोधन</u>

- बढ्दो अनलाइन व्यापारलाई कानुनी दायरामा ल्याई डिजिटल ठगी नियन्त्रण गर्ने र अनलाइनमार्फत सामान खरिद गर्ने उपभोक्ताहरूको हक अधिकारलाई कानुनी रूपमै सुरक्षित गर्ने लगायतका नीतिगत प्रस्ताव।

<u>सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विधेयकमा संशोधन</u>

- नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय मापदण्डहरूमा खरो उतार्न, अवैध धनको कारोबार रोक्न र व्यावसायिक वातावरणमा पारदर्शिता ल्याई नेपालको छवि अन्तर्राष्ट्रिय स्तरमा उकास्ने लगायतका नीतिगत प्रस्ताव। ।

**संकल्प प्रस्तावः**

**(क) विकास निर्माणमा अन्तरनिकाय समन्वय**

- पूर्वाधार विकासका; सडक खानेपानी, ढल, विद्युत् प्राधिकरण जस्ता निकायहरू बीच आवश्यक समन्वय नहुँदा जनताले पाउने सास्ती र राज्यको दोहोरो खर्च अन्त्य गर्न एकीकृत समन्वय संयन्त्र निर्माणका लागि संसद्मा संकल्प प्रस्ताव पेश ।

**(ख) सार्वजनिक महत्वको प्रस्तावः चक्रपथ (Ring Road) विस्तार**

- काठमाडौंबाट निर्वाचित राजनीतिक दलका सबै सांसदहरूलाई नेतृत्व गर्दै चक्रपथ विस्तारको दोस्रो खण्ड (कलङ्की-चाबहिल) निर्माण कार्यमा भइरहेको ढिलाइ अन्त्य गर्न र सो कार्यलाई तदारुकताका साथ अघि बढाउन संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउन सार्वजनिक महत्वको प्रस्ताव पेश।

**(ग) सार्वजनिक जग्गा संरक्षण**

- देशभर भइरहेको सार्वजनिक जग्गाको अतिक्रमण रोक्न, सरकारी र सार्वजनिक जग्गाको एकीकृत लगत राख्न र त्यसको संरक्षणका लागि तीनै तहका सरकारको प्रभावकारी समन्वयका लागि कानुनी व्यवस्था गर्न संकल्प प्रस्ताव दर्ता।